# यातायात व्यवस्था कार्यालयहरूको सेवा प्रवाहलाई प्रविधिमैत्री र छिटो छरितो बनाउन सुझाव सहितको प्रतिवेदन, २०८०


गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा, नेपाल



२०८०/०१/२१

मितिः २०८०।०१।२९

<u>विषयः प्रतिवेदन सम्बन्धमा।</u>

श्री माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश।

प्रस्तुत विषयमा प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०१।१५ गतेको निर्णयानुसार यातायात व्यवस्था कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन र सवारी चालक अनुमतिपत्र वितरण प्रक्रियालाई छिटो छरितो एवं सहज गराउन गर्नुपर्ने आवश्यक सुधार सम्बन्धमा अध्ययन गरी सुझाव दिन गठित कार्यदलले आफ्नो कार्यदिश अनुसारको प्रतिवेदन समयमै तयार गरेको छ। कार्यदलको तर्फबाट तयार गरिएको प्रतिवेदन बुझिदिनु हुन सादर अनुरोध गर्दछौं।

<u>प्रतिवेदकहरू:</u>

सचिव श्री विनोद बहादुर कुँवर, बैठक तथा प्रशासन महाशाखा,
मुख्यमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय

सचिव श्री मनमाया भट्टराई पंगेनी, शासकीय सुधार तथा समन्वय महाशाखा,
मुख्यमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय

सचिव श्री विष्णुप्रसाद शर्मा, आर्थिक मामिला मन्त्रालय

सचिव श्री ई. तुलसीराम भट्टराई, भौतिक पुर्वाधार बिकास तथा यातायात व्यवस्था मन्त्रालय

प्रमुख श्री टिकाराम पौडेल, प्रशासन तथा यातायात महाशाखा,
भौतिक पुर्वाधार बिकास तथा यातायात व्यवस्था मन्त्रालय

# विषयसूची


१. पृष्ठभूमि ........ १

२. कार्यदल गठनको उद्देश्य र संरचना ........ १

३. अध्ययन विधि ........ २

४. अध्ययनको सीमा ........ ३

५. मौजुदा नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था ........ ३

५.१ नीतिगत तथा कानूनी व्यवस्था ........ ३

५.२ संस्थागत व्यवस्था ........ ३

५.३ विद्यमान सेवा प्रवाहको अवस्था विश्लेषणः ........ ५

६. सेवा प्रवाहमा देखिएका समस्याहरू ........ ९

६.१ नीतिगत एवं कानूनी तहमाः ........ ९

६.२ व्यवस्थापकीय तहमाः ........ १०

६.३ प्राविधिक तहमाः ........ १०

६.४ सेवाग्राही तहमाः ........ ११

७. सुझावहरू ........ ११

७.१ तत्काल गर्नुपर्ने सुधारः ........ ११

७.२ दीर्घकालमा गर्नुपर्ने सुधारः ........ १३

८. सुधार कार्ययोजनाः ........ १५

८.१ तत्कालीन सुधार कार्ययोजनाः ........ १५

८.२ दीर्घकालीन सुधार कार्ययोजनाः ........ १९

अनुसूचीहरू ........ २१

अनुसूची-१ः कार्यदलका सदस्यहरू ........ २१

अनुसूची-२ः प्रतिवेदन तयारीको क्रममा लिएका तस्वीरहरू ........ २२

## १. पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति नेपालको संविधानले लिएको छ। साथै, यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै अपाङ्गता भएका व्यक्ति अनुकूल समेत हुने गरी नागरिकका आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने नीति रहेको छ।

नेपालको संविधान, कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३ र नेपाल सरकारको निर्णयानुसार आम नागरिकसँग प्रत्यक्ष रूपमा जोडिने यातायात क्षेत्र प्रदेश सरकारबाट व्यवस्थापन भइआएको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मातहतका यातायात व्यवस्था कार्यालयहरू मार्फत् सवारी दर्ता, नामसारी, नवीकरण, सवारी चालक अनुमति पत्र वितरण लगायतका यातायात सम्बन्धी विभिन्न सेवाहरू प्रदान गरिँदै आएको छ। नागरिकको शीघ्र सेवा प्रवाहको अपेक्षा, सुशासनको प्रत्याभूति, प्रविधिको प्रयोग गरी सेवा प्रवाहमा रूपान्तरण र पारदर्शी कार्यशैली आन्तरिकीकरण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा ढिलासुस्ती, सेवाग्राहीको अत्यधिक चाप लगायतका विभिन्न समस्या र चुनौतीको अध्ययन-विश्लेषण गरी समाधानका उपाय सिफारिस गर्न कार्यदल गठन गरिएको छ।

## २. कार्यदल गठनको उद्देश्य र संरचना

गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।०१।१५ गतेको निर्णयानुसार यातायात व्यवस्था कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन र सवारी चालक अनुमतिपत्र वितरण प्रक्रियालाई छिटो छरितो एवं सहज गराउन गर्नुपर्ने आवश्यक सुधार सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पन्ध्र दिनभित्र पेश गर्ने देहाय बमोजिमको कार्यदल गठन गरिएको थियो।

<u>कार्यदल:</u>

| | | |
|---|---|---|
| १. | सचिव, बैठक तथा प्रशासन महाशाखा<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २. | सचिव, शासकीय सुधार तथा समन्वय महाशाखा<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |

| | | |
|---|---|---|
| ३. | सचिव, आर्थिक मामिला मन्त्रालय | सदस्य |
| ४. | सचिव, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| ५. | प्रशासन तथा यातायात महाशाखा प्रमुख,<br>भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य सचिव |

कार्यालयको नियमित कार्यव्यस्ततालाई व्यवस्थापन गर्दै अध्ययन कार्यलाई थप प्रभावकारी बनाउन र प्रतिवेदन तयारीलाई व्यवस्थित गर्न कार्यदलको मिति २०८०/०१/२० को निर्णयानुसार कार्यदलका सदस्य सचिव श्री टीकाराम पौडेलको संयोजकत्वमा देहाय बमोजिमको उपसमिति गठन गरिएको थियो।

**उपसमितिः**

| | | |
|---|---|---|
| १. | उपसचिव श्री टीकाराम पौडेल<br>भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | संयोजक |
| २. | उपसचिव श्री डिल्लीराम रिज्याल<br>प्रमुख, यातायात व्यवस्था कार्यालय (सवारी), कास्की | सदस्य |
| ३. | उपसचिव श्री रमेश घर्ति<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४. | उपसचिव श्री थम्मनसिंह गौतम<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ५. | शाखा अधिकृत श्री विकास थापा मगर<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |

## ३. अध्ययन विधि

यस प्रतिवेदन तयारीका लागि देहायका अध्ययन विधिहरू अपनाइ तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ।

- मौजुदा नीति तथा कानूनी व्यवस्थाको अध्ययन
- सरोकारवाला निकायहरूसँग छलफल, अन्तरक्रिया र बैठकबाट राय, सुझाव सङ्कलन
- स्थलगत अवलोकन भ्रमण
- प्रत्यक्ष अन्तर्वार्ता
- सेवाग्राहीबाट सुझाव सङ्कलन
- विज्ञसँगको राय सुझाव एवं परामर्श

## ४. अध्ययनको सीमा

- यातायात सेवा सम्बन्धी विषय संघ र प्रदेशको साझा सरोकारको विषय रहेकोमा यो अध्ययन गण्डकी प्रदेशको यातायात क्षेत्र सुधारको सन्दर्भमा केन्द्रित रहेको छ।
- नियमित कार्यसम्पादनलाई समेत व्यवस्थापन गर्दै कार्यदललाई प्राप्त पन्ध्र दिनको अवधिमा यो प्रतिवेदन तयार गरिएको छ।

## ५. मौजुदा नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

### ५.१ नीतिगत तथा कानूनी व्यवस्था

(क) संघीय व्यवस्था:

- नेपालको संविधान
- नेपालको संविधानको कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६०
- सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७
- मझौला तथा साना सवारी निरीक्षण र परीक्षणको मापदण्ड तथा सवारी प्रदुषण निर्देशिका, २०७४
- कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०७४
- सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४

(ख) गण्डकी प्रदेशबाट जारी भएका:

- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६
- सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८

### ५.२ संस्थागत व्यवस्था

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय तालुक निकायको रूपमा रही मन्त्रालयमा यातायात क्षेत्र हेर्ने महाशाखा रहेको छ। मन्त्रालय मातहत कास्की जिल्लामा सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा दिन यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) र सवारी साधन दर्ता, नवीकरण, नामसारी, जाँचपास, रुट इजाजत लगायतका सेवा दिन यातायात व्यवस्था कार्यालय (सवारी) गरी दुई वटा कार्यालय रहेका छन्।

## ४. अध्ययनको सीमा

- यातायात सेवा सम्बन्धी विषय संघ र प्रदेशको साझा सरोकारको विषय रहेकोमा यो अध्ययन गण्डकी प्रदेशको यातायात क्षेत्र सुधारको सन्दर्भमा केन्द्रित रहेको छ।
- नियमित कार्यसम्पादनलाई समेत व्यवस्थापन गर्दै कार्यदललाई प्राप्त पन्ध्र दिनको अवधिमा यो प्रतिवेदन तयार गरिएको छ।

# ५. मौजुदा नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

## ५.१ नीतिगत तथा कानूनी व्यवस्था

(क) संघीय व्यवस्थाः

- नेपालको संविधान
- नेपालको संविधानको कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६०
- सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७
- मझौला तथा साना सवारी निरीक्षण र परीक्षणको मापदण्ड तथा सवारी प्रदुषण निर्देशिका, २०७४
- कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०७४
- सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४

(ख) गण्डकी प्रदेशबाट जारी भएकाः

- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६
- सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८

## ५.२ संस्थागत व्यवस्था

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय तालुक निकायको रूपमा रही मन्त्रालयमा यातायात क्षेत्र हेर्ने महाशाखा रहेको छ। मन्त्रालय मातहत कास्की जिल्लामा सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा दिन यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) र सवारी साधन दर्ता, नवीकरण, नामसारी, जाँचपास, रुट इजाजत लगायतका सेवा दिन यातायात व्यवस्था कार्यालय (सवारी) गरी दुई वटा कार्यालय रहेका छन्।

बागलुङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र तनहुँ जिल्लामा यातायात व्यवस्था कार्यालयमार्फत् यातायात व्यवस्था तथा सवारी चालक अनुमतिपत्र सम्बन्धी दुवै प्रकृतिका सेवा प्रवाह हुँदै आएको छ।

गोरखा, लमजुङ र स्याङ्जाका पूर्वाधार विकास कार्यालयबाट सवारी साधनको बिल बुक र सवारी चालक अनुमतिपत्र नवीकरण तथा अस्थायी रुट इजाजत (पटके) दिने सेवा उपलब्ध गराइँदै आएको छ। साथै, म्याग्दी र पर्वतका पूर्वाधार विकास कार्यालयबाट अस्थायी रुट इजाजत (पटके) दिने सेवा उपलब्ध गराइँदै आएको छ।

यातायात व्यवस्था कार्यालयहरूबाट निम्नानुसारका सेवाहरू प्रदान गरिँदै आएको छः-

- सवारी साधन कर, दस्तुर शुल्क सङ्कलन तथा जरीवाना सम्बन्धी कार्य,
- सवारी साधनको नयाँ दर्ता, सरुवा दर्ता, हेरफेर दर्ता, नामसारी र सरुवा सहमति प्रदान गर्ने,
- मार्ग इजाजत (Route Permit) प्रदान तथा नवीकरण गर्ने,
- पटके मार्ग ईजाजत (Route Permit) प्रदान गर्ने,
- बिल बुक (ब्लुबुक) नवीकरण तथा प्रतिलिपि प्रदान गर्ने,
- सवारी साधनको लगत कट्टा गर्ने,
- सवारी जाँचपास, चेकजाँच तथा प्रदुषण परीक्षण गर्ने,
- सार्वजनिक सवारी साधनको व्यवस्थापकीय पक्षको अनुगमन तथा निरीक्षण गर्ने,
- सवारी साधनको इम्बोस्ड नम्बर जडान गर्ने,
- सवारी बिक्री केन्द्र, वर्कसप तथा सवारी चालक प्रशिक्षण केन्द्र दर्ता, नवीकरण तथा अनुगमन गर्ने,
- यातायात सेवा पञ्जीकरण,
- सवारी चालक अनुमति पत्रको लिखित र प्रयोगात्मक परीक्षा सञ्चालन तथा सवारी चालक अनुमति पत्र जारी गर्ने,
- एक वर्षको लागि QR कोड सहितको परीक्षणकालीन सवारी चालक अनुमतिपत्रको छपाई र वितरण गर्ने,
- यातायात व्यवस्था विभागबाट प्रिन्ट भई आएका स्मार्ट सवारी चालक अनुमति पत्र वितरण गर्ने,
- सवारी चालक अनुमति पत्रको नवीकरण, प्रमाणीकरण, निलम्बन र खारेजी गर्ने,
- यातायात सम्बन्धी नियम पालना तथा सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

## ५.३ विद्यमान सेवा प्रवाहको अवस्था विश्लेषणः

हाल प्रदेश सरकार मातहत रहेका यातायात व्यवस्था कार्यालयहरूको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था निम्न तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १ जनशक्ति विवरण

| सि.न. | कार्यालय | स्वीकृत दरबन्दी | | | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | जम्मा | स्थायी | करार | जम्मा | |
| १ | यातायात व्यवस्था कार्यालय (सवारी), कास्की | २७ | ७ | ३४ | २० | ७ | २७ | ७ |
| २ | यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), कास्की | ३३ | ७ | ४० | २० | १३ | ३२ | ८ |
| ३ | यातायात व्यवस्था कार्यालय, बागलुङ | १५ | ४ | १९ | १२ | ६ | १८ | १ |
| ४ | यातायात व्यवस्था कार्यालय, नवलपरासी (ब.सु.पू.) | १६ | २ | १८ | ७ | ७ | १४ | ४ |
| ५ | यातायात व्यवस्था कार्यालय, डुम्रे, तनहुँ | १५ | २ | १७ | ५ | ६ | ११ | ६ |
| | कुल जम्मा | १०६ | २२ | १२८ | ६४ | ३९ | १०२ | २६ |

माथि उल्लिखित तालिका बमोजिम हाल सबै यातायात व्यवस्था कार्यालयमा स्वीकृत दरबन्दी बमोजिम जनशक्ति पदपूर्ति भएको देखिदैंन। कार्यरत १०२ जनशक्तिमध्ये ३९ जना (३८.२३%) करारमा कार्यरत रहेका छन्।

गण्डकी प्रदेशमा दर्ता सवारी साधनको विवरण देहायमा उल्लेख गरिएको छ।

तालिका नं. २ दर्ता भएका सवारीको विवरण

| सि. नं. | सवारीको किसिम | २०७६/०७७ पूर्व | २०७७/०७८ वार्षिक | | | | २०७८/०७९ वार्षिक | | | | | २०७९ फाल्गुन मसान्तसम्म | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यातायात सवारी कास्की | यातायात डुम्रे | यातायात बागलुङ | यातायात सवारी कास्की | कुल जम्मा | यातायात डुम्रे | यातायात बागलुङ | यातायात सवारी कास्की | यातायात नवलपुर | कुल जम्मा | यातायात डुम्रे | यातायात बागलुङ | यातायात सवारी कास्की | यातायात नवलपुर | कुल जम्मा | |
| १ | बस | ५,३३५ | - | ५ | २३२ | २३७ | - | ३ | १५८ | ४ | १६५ | - | ६ | ११५ | ११ | १३२ | ५,८६९ |
| २ | मिनिबस/मिनिट्रक | ४,८६९ | - | - | ९३ | ९३ | - | २ | १२७ | १ | १३० | - | १ | २५० | - | २५१ | ५,३४३ |
| ३ | क्रेन/डोजर/एक्साभेटर/ट्रक | ६,८२५ | - | १ | ३५ | ३६ | - | - | ६५४ | ३ | ६५७ | - | १ | २९९ | १४ | ३१४ | ७,८३२ |
| ४ | कार/जिप/भ्यान/ट्याक्सी | १८,८०७ | - | १०७ | १,२०३ | १,३१० | - | ४६ | १,४७३ | ५ | १,५२४ | १ | ३३ | १,९१२ | १५ | १,९६१ | २३,६०२ |
| ५ | पिकअप | ३,०३१ | - | २७ | ५४९ | ५७६ | - | १६ | ९९२ | ५ | १,०१३ | - | ४ | ९५३ | ८ | ९६५ | ५,५८५ |
| ६ | माइक्रो बस | १४,४५३ | - | - | ११८ | ११८ | - | - | ४५ | - | ४५ | - | - | ८७ | १ | ८८ | १४,७०४ |
| ७ | टेम्पो | ४६ | - | - | - | - | - | १२ | - | १२१ | १३३ | - | २ | - | १७३ | १७५ | ३५४ |
| ८ | मोटरसाइकल/स्कुटर | २३४,१७३ | - | १,८३४ | २५,२६६ | २७,१०० | - | १,६६१ | ४१,१४४ | २,२८६ | ४५,०९१ | ४१ | ४२३ | १५,८५९ | २,७७२ | १९,०९५ | ३२५,४५९ |
| ९ | टेक्टर/पावर टेलर | १२,०९३ | - | ५६ | १७८ | २३४ | - | ३८ | २९४ | - | ३३२ | २ | ४ | १७६ | ३ | १८५ | १२,८४४ |
| १० | इ-रिक्सा | - | - | - | - | - | - | - | - | १ | १ | - | - | - | २ | २ | ३ |
| ११ | अन्य | - | - | १ | - | १ | - | ४ | - | - | ४ | - | २ | - | - | २ | ७ |
| | कुल जम्मा | २९९६३२ | - | २,०३१ | २७,६७४ | २९,७०५ | ० | १७८२ | ४४८८७ | | ४९०९५ | ४४ | ४७६ | १९६५१ | २९९९ | २३१७० | ४०१,६०२ |

सवारी चालक अनुमति पत्र सम्बन्धी सेवा प्रवाह गर्ने कार्यालयहरूमा नयाँ सवारी चालक अनुमतिपत्र आवेदनका लागि दैनिक रूपमा तोकिएको कोटा देहायमा उल्लेख गरिएको छ:

तालिका नं. ३ सवारी चालक अनुमतिपत्र आवदेन गर्न सकिने कार्यालयगत विवरण

| सि.नं. | कार्यालय | दैनिक आवेदन कोटा संख्या (सातामा चार दिन) | |
|---|---|---|---|
| | | चार पाङ्ग्रे | दुई पाङ्ग्रे |
| १ | यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), कास्की | १४४ | २७५ |
| २ | यातायात व्यवस्था कार्यालय, बागलुङ | ० | १०० |
| ३ | यातायात व्यवस्था कार्यालय, नवलपरासी (ब.सु.पू.) | ७५ | १५० |
| ४ | यातायात व्यवस्था कार्यालय, डुम्रे, तनहुँ | ८० | १३० |
| | जम्मा | २९९ | ६५५ |

नयाँ सवारी चालक अनुमतिपत्र लिन चाहने सेवाग्राहीको लागि हाल दैनिक रूपमा दर्ता गरिने आवेदनको संख्या चारपाङ्ग्रे तर्फ २९९ र दुईपाङ्ग्रे तर्फ ६५५ रहेको छ। कास्की जिल्लास्थित कार्यालयमा हाल तोकिएको कोटा संख्याभन्दा सेवाग्राहीको चाप अधिक रहेकोले औसतमा पन्ध्र दिनसम्म पालो कुर्नुपर्ने अवस्था विद्यमान छ भने अन्य कार्यालयमा सो अवधिभन्दा अगाडि नै पालो आउने अवस्था रहेको छ। साथै, बागलुङ जिल्लास्थित कार्यालयबाट चार पाङ्ग्रे सवारी चालक अनुमति पत्र वितरणको व्यवस्था स्थगित रहँदा त्यस क्षेत्रका सेवाग्राहीलाई असुविधा हुनुको साथै कास्की जिल्लास्थित कार्यालयमा चाप परेको देखिन्छ।

प्रदेश सरकार मातहत आएपछि यातायात व्यवस्था कार्यालयहरूको राजस्व सङ्कलनको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. ४ पछिल्लो पाँच वर्षको राजस्व सङ्कलनको विवरण

| सि.न. | कार्यालय | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९ चैत मसान्तसम्म |
|---|---|---|---|---|---|---|
| १ | यातायात व्यवस्था कार्यालय (सवारी), कास्की | ८५९४४४२१६ | ८२१७५६२७९ | १,०६,३६,५७,१७२ | १,०६,८१,३२०४७ | १,६६,३४,३८,३५० |
| २ | यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), कास्की | १८,०३,७२,००० | १६,१८,७५,१०० | ११,६७,५०,००० | २०,१४,४२,००० | १७,६६,९७,१०४ |
| ३ | यातायात व्यवस्था कार्यालय, बागलुङ | ८s८००८८७० | ९,३२,७४,३७५ | ११,८३,९०,६२३ | १४,१६,६५,६६६ | १४,४५,३६,५९५ |
| ४ | यातायात व्यवस्था कार्यालय, नवलपरासी (ब.सु.पू.) | ९,२०,०९,०१९ | १३,९६,३६,५९४ | २०,१२,२४,९९१ | २६,६६,६९,५४८ | २५,७६,७२,७९३ |
| ५ | यातायात व्यवस्था कार्यालय, डुम्रे, तनहुँ | | | | १३,२४,१२,०७१ | १४,१५,२८,२४३ |
| ६ | पूर्वाधार विकास कार्यालय, गोरखा | २०७७/बाट यातायात शाखा स्थापना भएको | - | ३,४९,३८,७१० | २,६२,१०,६४३ | ३,२५,५८,३६७.६७ |
| ७ | पूर्वाधार विकास कार्यालय, लमजुङ | २०७७/बाट यातायात शाखा स्थापना भएको | - | ३०१,१६,०९७ | २,७१,७२,४९३ | २,८७,३६,६१६ |
| ८ | पूर्वाधार विकास कार्यालय, स्याङ्जा | २०७७/बाट यातायात शाखा स्थापना भएको | - | ४,२९,४०,६८२ | ६,९७,९३,३३३ | ७,६०,७०,०७२ |
| | जम्मा | १,२१,९८,३४,१०५ | १,२१,६५,४२,३४८ | १,६०,८०,१८,२७५ | १,९३,३४,९७,८०१ | २,५२,१२,३८,१४१ |

कार्यालयको मौजुदा जनशक्ति, हाल प्रयोग भएको EDLVRS Software मा भएको लगानीको अनुपातमा Software मार्फत् भएको सेवाको सीमितता, Software मा रहेका Error, सेवाग्राही चाप बमोजिमको अनुपातमा कार्यालयमा कार्यरत जनशक्तिको न्यून उपलब्धताले गर्दा सेवाप्रवाह समयमा दिन नसकिनुले यातायात सेवाप्रतिको दृष्टिकोण नकारात्मक बनाएको छ। कार्यालयमा प्रयोग भएको VRS Software मा कुन सवारी साधनको कति कर बक्यौता बाँकी छ भन्ने थाहा नहुने हुँदा सवारीको बक्यौता कर र जरिवाना समेत उठ्न सकेको छैन भने रेकर्ड समेत प्राप्त हुन सकेको छैन। EDLVRS सवारी चालक अनुमतिपत्रको विवरणमा भएका सामान्य त्रुटी सच्याउदा सुरुदेखिका सबै कार्य अन्तिम प्रयोगकर्ता कर्मचारीले गरेको देखिने सफ्टवयरको कमजोरीले निर्दोष कर्मचारी कसुरदार बन्नुपर्ने नियति बनेको छ। जसले गर्दा कर्मचारीले यातायात कार्यालयमा सरुवा भएर जान नचाहने प्रवृत्ति बढेको छ। समग्रमा कानूनी, संस्थागत, व्यवस्थापकीय र प्रविधिगत तहमा रहेका समस्याहरू सुधार गरी नागरिकको शीघ्र सेवा प्रवाहको अपेक्षा, सुशासनको प्रत्याभूति, प्रविधिको प्रयोग गरी सेवा प्रवाहमा रूपान्तरण र पारदर्शी कार्यशैली आन्तरिकीकरण गरी यातायात सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक छ।

# ६. सेवा प्रवाहमा देखिएका समस्याहरू

## ६.१ नीतिगत एवं कानूनी तहमाः

- नेपालको संविधानको अनुसूचीमा रहेको संघको एकल अधिकारभित्र पर्ने राष्ट्रिय यातायात नीति तर्जुमा नहुँदा प्रदेशस्तरमा स्पष्ट मार्गदर्शन प्राप्त हुन नसकेको।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा यातायात व्यवस्थापन समिति, बीस वर्ष अवधि पूरा भएका सवारी साधनको रूपान्तरण तथा लगत कट्टा, जरिवानाको दर लगायतका विषयमा फरक फरक प्रावधान रहँदा कार्यान्वयनमा समस्या भएको।
- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ कार्यान्वयनका लागि नियमावली, कार्यविधि, निर्देशिका तर्जुमा नहुँदा संघीय नियमावली, कार्यविधि, निर्देशिका बमोजिम कार्य सम्पादन गर्नु पर्ने अवस्था रहेकोले सेवा प्रवाहको क्षेत्राधिकार स्पष्ट नभएको।
- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा सवारी दर्ता प्रमाणपत्रमा नवीकरणको म्याद बाँकी रहँदा पनि चैत्र मसान्तभित्रै सो आर्थिक वर्षको कर तिर्नुपर्ने प्रावधानले सेवा प्रदायक र सेवाग्राहीमा अन्योल सिर्जना भएको।

## ६.२ व्यवस्थापकीय तहमाः

- मौजुदा स्वीकृत दरबन्दी बमोजिम जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवाग्राहीको चाप बमोजिम सेवा प्रवाह गर्न नसकिएको,
- सेवाको माग, कामको प्रकृति र कर्मचारी दरबन्दीको अनुपातको सन्तुलन नमिल्दा अत्यधिक भीड भई कार्यरत कर्मचारीलाई कार्यबोझ बढी हुनु,
- सेवाको चाप अनुसार आवश्यक दरबन्दी यकिन हुन नसक्दा सेवाग्राहीको भीड भएको,
- पर्याप्त क्षमता विकास तालिम तथा उचित प्रोत्साहनको व्यवस्था नहुँदा कार्यरत कर्मचारी उत्प्रेरित नहुनु,
- प्रदेश सरकारको आफ्नै कार्यालय भवन तथा जग्गा नहुँदा एवं भएका भवन तथा जग्गा पर्याप्त नहुँदा सेवाग्राहीको भीड व्यवस्थापन, लिखित तथा ट्रायल परीक्षा सञ्चालन, सवारी चेकजाँच, पार्किङ एवं अन्य सेवा प्रवाहमा कठिनाइ उत्पन्न हुनु,
- यातायात व्यवस्था कार्यालयहरूलाई निरन्तर आवश्यक सहजीकरण गर्न तथा गण्डकी प्रदेशको समग्र यातायात व्यवस्थापन क्षेत्र हेर्न कार्यादिश सहितको Dedicated Unit नहुनु,
- यातायात व्यवस्था विभागबाट समयमै स्मार्ट लाइसेन्स प्रिन्ट भई नआउँदा लामो समयसम्म सेवाग्राहीलाई उपलब्ध गराउन नसकिनु।

## ६.३ प्राविधिक तहमाः

- यातायात सेवा सम्बन्धी सम्पूर्ण सेवा प्रदेश सरकार मातहतका कार्यालयबाट प्रवाह हुने तर सेवा प्रवाह सम्बन्धी सफ्टवयर (Electronic Driving License and Vehicle Registration System (EDLVRS) तथा Vehicle Registration System (VRS)) नेपाल सरकारको यातायात व्यवस्था विभागको नियन्त्रणमा रहेकोले सेवा प्रवाह चुस्त दुरुस्त हुन नसकेको,
- EDLVRS मा सामान्य संशोधनका कार्यहरू (नामथर, नागरिकता प्रमाणपत्र नम्बर, ठेगाना, ब्लड ग्रुप, आदि) गर्दा अन्य कार्यहरू समेत अन्तिम प्रयोगकर्ताको युजरनेम मार्फत् भएको देखिंदा सफ्टवयर प्रयोगकर्ता कर्मचारी असुरक्षित रहेको,
- बारम्बार सफ्टवयर अवरुद्ध भएको र सोको सम्बोधन यातायात व्यवस्था विभागबाट समयमै हुन नसकेको,
- कार्यालय समयमा मात्र VRS सञ्चालन हुँदा सेवा प्रवाहमा चाप परेको तथा पुरानो VRS मा एकीकृत तथ्याङ्क नभएको कारण कुन सवारी साधनको कति वर्षको कर तिर्न छुटायो सोको

विवरण VRS रसिद जारी गर्दा पत्ता लगाउन नसकिने हुँदा सवारी साधनको बक्यौता कर यकिन गर्न नसकिएको,

- VRS मा एउटा सवारी साधनको एकै आर्थिक वर्षमा पटकपटक कर तिर्दा पनि भुक्तानी गर्न बाँकी नरहेको सूचना नदिई बाँकी भएसरह लिइरहनु,
- VRS मा स्वचालित कर गणना एवं निर्धारण नहुनु तथा VRS लाई राजस्व सूचना व्यस्थापन प्रणाली (RIMS) सँग आबद्ध गर्न नसकिएको,
- कर तथा शुल्क अनलाइन मार्फत् सङ्कलन गर्ने प्रणाली स्थापना गर्न नसकिएको।

### ६.४ सेवाग्राही तहमाः

- कर तथा शुल्क अनलाइन प्रणालीमार्फत् भुक्तानी गर्ने व्यवस्था नभएको,
- कर तिर्ने तथा सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्ने कार्यलाई सेवाग्राहीले सहज रूपमा लिन नसकेको,
- फाइल तथा ढड्डाहरू समयमै नभेटिने, हराउने र उपयुक्त व्यवस्थापन नभएको,
- सवारी दर्ता र नामसारी गर्दा सेवाग्राहीको चाप बढी हुने हुँदा सेवाग्राहीले सामान्य कामको लागि पनि दिनभरि समय दिनुपर्ने अवस्था रहेको,
- सवारी चालक अनुमतिपत्रको अनलाइन आवेदन फाराम भर्न समस्या भएको,
- सहायता कक्ष नभएको,
- कार्यालयमा सवारी दर्ता, नामसारी, करचुक्ता लगायतका सेवामा प्रयोग हुने फारामहरू जटिल भएको कारण तेस्रो पक्ष मार्फत् काम गराउनु पर्ने अवस्था रहेको,
- तोकिएको दिनमा सेवा लिन जाँदा पनि सहज रूपमा सेवा पाउन नसकेको,
- सेवाग्राहीलाई कानूनी व्यवस्था बारे जानकारीको कमी रहेको,
- सवारी दर्ता प्रमाणपत्रमा नवीकरणको म्याद हुँदाहुँदै पनि चैत्र मसान्तभित्रै सो आर्थिक वर्षको कर तिर्नुपर्ने बाध्यता रहेको।

## ७. सुझावहरू

### ७.१ तत्काल गर्नुपर्ने सुधारः

#### ७.१.१ सवारी चालक अनुमतिपत्र सेवातर्फः

- मौजुदा स्वीकृत दरबन्दी बमोजिमको जनशक्ति पदपूर्ति गर्ने,

- सवारी चालक अनुमतिपत्रको लागि प्रयोग भइरहेको सफ्टवयर (EDLVRS) अवरुद्ध नभई जोखिमरहित तवरले सञ्चालन गर्न नेपाल सरकारसँग प्रभावकारी समन्वय गर्ने,
- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ कार्यान्वयनका लागि नियमावली, कार्यविधि र निर्देशिका एवं SOP तर्जुमा गर्ने,
- सवारी चालक अनुमतिपत्रका लागि दैनिक रूपमा तोकिएका सेवाग्राहीको कोटा संख्या वृद्धि गर्ने,
- सार्वजनिक बिदाको दिन तथा कार्यालय समयबाहेकको समयमा समेत बायोमेट्रिक लिने, लिखित तथा ट्रायल परीक्षा सञ्चालन सिफ्टमा सञ्चालन गर्ने,
- विद्युतीय प्रणालीमार्फत् राजस्व तिर्ने व्यवस्था मिलाउने,
- प्रत्येक कार्यालयले सूचना सहायता कक्ष (हेल्प डेस्क) स्थापना गर्ने,
- दरबन्दी पुनरावलोकन गर्ने, स्वीकृत दरबन्दी अनुसार जनशक्ति व्यवस्थापन गर्ने,
- कार्यालय सञ्चालन, मेशिनरी तथा अन्य व्यवस्थापनको लागि थप बजेटको व्यवस्था गर्ने,
- यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), कास्कीबाट हेभी सवारी चालक अनुमतिपत्र (G Category) र यातायात व्यवस्था कार्यालय, बागलुङबाट चार पाङ्ग्रे सवारी चालक अनुमतिपत्र वितरणको कार्य सुरु गर्ने,
- पोखरा महानगरपालिकाको लेखनाथ क्षेत्रमा थप एक यातायात व्यवस्था सवारी चालक अनुमतिपत्र कार्यालय स्थापना र सञ्चालन गर्ने।

### ७.१.२ सवारी व्यवस्थापन तर्फः

- मौजुदा स्वीकृत दरबन्दी बमोजिमको जनशक्ति पदपूर्ति गर्ने,
- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा सवारी दर्ता प्रमाणपत्रमा नवीकरणको म्याद बाँकी रहँदा पनि चैत्र मसान्तभित्रै सो आर्थिक वर्षको कर तिर्नुपर्ने प्रावधानले सिर्जना गरेको अन्योल हटाउन ऐन संशोधन गर्नुपर्ने,
- सम्बन्धित जिल्लाका उपयुक्त सरकारी कार्यालयबाट पटके रुट परमिट जारी गर्ने अधिकार प्रत्यायोजन गर्ने,
- प्रदेशको नाका रहेका जिल्लास्थित प्रहरी कार्यालय मातहतका ट्राफिक कार्यालयमार्फत् विदेशी सवारी साधनको अस्थायी रुट परमिट तथा पटके जारी गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने,
- ट्राफिक प्रहरी कार्यालयमार्फत् सङ्कलन भएको जरिवाना शुल्क सिधै प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गर्ने,
- चौबिसै घण्टा VRS सञ्चालन हुने व्यवस्था मिलाउन यातायात व्यवस्था विभागसँग समन्वय गर्ने,

- पुरानो VRS मा कुनैपनि सवारी साधनको तिर्न बाँकी बक्यौता कर देखिने गरी एकीकृत तथ्याङ्क प्रविष्टि गर्ने व्यवस्था मिलाउन यातायात व्यवस्था विभागसँग समन्वय गर्ने,
- VRS मार्फत् एक आर्थिक वर्षमा सवारी साधन कर भुक्तानी गरिसकेपछि सोही आर्थिक वर्षमा पुनः कर भुक्तानी गर्ने प्रयास गर्दा भुक्तानी बाँकी नरहेको सूचना दिने गरी व्यवस्था मिलाउन यातायात व्यवस्था विभागसँग समन्वय गर्ने,
- VRS मा स्वचालित कर गणना एवं निर्धारण गर्ने व्यवस्था मिलाउने तथा VRS लाई राजस्व सूचना व्यस्थापन प्रणाली (RIMS) सँग आबद्ध गर्ने व्यवस्था मिलाउने,
- यातायात सेवा सम्बन्धी सम्पूर्ण कर तथा शुल्क अनलाइन प्रणालीमार्फत् भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाउने।

## ७.२ दीर्घकालमा गर्नुपर्ने सुधारः

### ७.२.१ सवारी चालक अनुमतिपत्रतर्फः

- यातायात सेवा सम्बन्धी विद्यमान केन्द्रिकृत सफ्टवयरमा प्रदेशको सहज पहुँच हुने गरी व्यवस्थापन गर्ने।
- सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड प्रदेशबाटै प्रिन्ट गर्न सक्ने व्यवस्था मिलाउने।
- स्मार्ट लाइसेन्स सहज रूपमा उपलब्ध नहुँदासम्म प्रदेश सरकारले वितरण गर्दै आइरहेको परीक्षणकालीन सवारी चालक अनुमतिपत्र एक वर्ष परीक्षणकाल समेत दुई वर्ष म्याद हुने गरी जारी गर्न नीतिगत व्यवस्था गर्ने।
- हालसम्म सरकारी ट्रायल सेन्टर नभएका कार्यालयहरूमा ट्रायल सेन्टर स्थापना गरी सञ्चालन गर्ने।
- सवारी चालक अनुमतिपत्रको मान्य अवधि १० वर्ष कायम गर्न कानूनी व्यवस्थाको लागि पहल गर्ने।
- सवारी चालक अनुमतिपत्रको परीक्षालाई प्रविधिमैत्री बनाउन भविष्यमा स्वचालित ट्रायल सेन्टर स्थापना गर्ने।

### ७.२.२ सवारी व्यवस्थापन तर्फः

- सवारी चेकजाँचको लागि पर्याप्त कार्यस्थल, उपकरण र जनशक्तिको व्यवस्थापन गर्ने,
- पूर्ण रूपमा विद्युतीय प्रणालीमार्फत् सवारी साधन दर्ता, नवीकरण लगायतका सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

- सेवाग्राहीले सवारी साधन कर तथा अन्य शुल्क दस्तुर विद्युतीय प्रणालीमार्फत् भुक्तानी गर्ने व्यवस्था मिलाउने,
- गण्डकी प्रदेशमा भविष्यमा सरकारी, सार्वजनिक तथा निजी विद्युतीय सवारी साधन दर्तालाई प्रोत्साहन हुने गरी नीतिगत र कानूनी व्यवस्था गर्ने साथै विद्युतीय सवारी साधनका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिने,
- गण्डकी प्रदेशभित्र अध्ययन गरी बस स्टप तथा बसपार्कको उचित व्यवस्थापन गर्न स्थानीय तहसँग सहकार्य गर्ने,
- अनधिकृत रूपमा यात्रु ओसापसार तथा मालसामान ढुवानीका लागि प्रयोग भएका निजी सवारी साधन तथा दुईपाङ्ग्रे सवारी लगायत प्रयोग भएका एपहरूको अनुगमन गरी कानूनी दायरामा ल्याउन उचित नीतिगत तथा कानूनी व्यवस्था गर्ने।

## ८. सुधार कार्ययोजनाः

उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहाय बमोजिमका सुधार सिफारिस गरिएको छ।

### ८.१ तत्कालीन सुधार कार्ययोजनाः

| सि.नं. | गर्नु पर्ने कार्य | मुख्य जिम्मेवार निकाय | लाग्ने समयावधि | सहयोगी निकाय | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | EDLVRS जोखिमरहित तथा प्रभावकारी तवरले सञ्चालन गर्न यातायात व्यवस्था विभागसँग समन्वय गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | निरन्तर | मु.म.तथा म.प.को कार्यालय, यातायात व्यवस्था विभाग | EDLVRS जोखिमरहित तथा प्रभावकारी तवरले सञ्चालन भएको हुने। |
| २ | चौबिसै घण्टा VRS सञ्चालन हुने व्यवस्था मिलाउन यातायात व्यवस्था विभागसँग समन्वय गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, सम्बन्धित कार्यालय | निरन्तर | यातायात व्यवस्था विभाग, मु.म.तथा म.प.को कार्यालय | चौबिसै घण्टा VRS सञ्चालन भएको हुने |
| ३ | सवारी चालक अनुमति पत्रको म्याद १० वर्ष कायम गर्न नेपाल सरकारलाई सिफारिस गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | पन्ध्र दिन | यातायात व्यवस्था विभाग | नेपाल सरकारमा पत्राचार गरिएको हुने |
| ४ | यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), कास्कीबाट हेभी सवारी चालक अनुमतिपत्र (G Category) वितरणको कार्य सुरु गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, सम्बन्धित कार्यालय | पन्ध्र दिन | मु.म.तथा म.प.को कार्यालय, आर्थिक मामिला मन्त्रालय | कास्की जिल्लामा हेभी सवारी चालक अनुमतिपत्र (G Category) वितरण सुचारु भएको हुने |

| सि.नं. | गर्नु पर्ने कार्य | मुख्य जिम्मेवार निकाय | लाग्ने समयावधि | सहयोगी निकाय | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५ | मौजुदा स्वीकृत दरबन्दी बमोजिमको जनशक्ति पदपूर्ति गर्ने | मु.म.तथा म.प.को कार्यालय | एक महिना | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | दरबन्दी बमोजिमको जनशक्ति पदपूर्ति भएको हुने। |
| ६ | जुनसुकै प्रदेशबाट जारी भएका स्मार्ट लाइसेन्सको नवीकरण गण्डकी प्रदेशबाट गर्ने व्यवस्था मिलाउने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | एक महिना | सम्बन्धित कार्यालय | जुनसुकै प्रदेशबाट जारी भएका स्मार्ट लाइसेन्सको नवीकरण गण्डकी प्रदेशबाट नवीकरण गर्ने व्यवस्था भएको हुने |
| ७ | सवारी चालक अनुमतिपत्रका लागि दैनिक रूपमा तोकिएका कोटा संख्या वृद्धि गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, सम्बन्धित कार्यालय | एक महिना | मु.म.तथा म.प.को कार्यालय, आर्थिक मामिला मन्त्रालय | कास्की जिल्लामा हालको संख्यामा दोब्बरले वृद्धि भएको हुने र अन्य जिल्लामा आवश्यकता अनुसार वृद्धि भएको हुने। |
| ८ | सार्वजनिक बिदाको दिन तथा कार्यालय समयबाहेकको समयमा समेत बायोमेट्रिक लिने, लिखित तथा ट्रायल परीक्षा सञ्चालन गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, सम्बन्धित कार्यालय | एक महिना | मु.म.तथा म.प.को कार्यालय, आर्थिक मामिला मन्त्रालय | सेवाग्राहीको अधिक चाप भएको कास्की जिल्लामा हालको समय बाहेक सेवा प्रवाह भएको हुने |
| ९ | सम्बन्धित जिल्लाका उपयुक्त सरकारी कार्यालयबाट पटके रुट परमिट जारी गर्ने अधिकार प्रत्यायोजन गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | एक महिना | मु.म.तथा म.प.को कार्यालय | आवश्यक जिल्लाका उपयुक्त स्थानबाट पटके रुट परमिट जारी गर्ने व्यवस्था भएको हुने |
| १० | प्रत्येक कार्यालयले सेवाग्राही सहायता कक्ष (हेल्प डेस्क) स्थापना गर्ने | सम्बन्धित कार्यालय | एक महिना | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, आर्थिक मामिला मन्त्रालय | प्रत्येक कार्यालयमा सेवाग्राही सहायता कक्ष (हेल्प डेस्क) स्थापना भएको हुने |
| ११ | यातायात सेवा सम्बन्धी विद्यमान केन्द्रिकृत | सम्बन्धित कार्यालय, | दुई महिना | यातायात व्यवस्था | विद्यमान केन्द्रिकृत सफ्टवयरमा |

| सि.नं. | गर्नु पर्ने कार्य | मुख्य जिम्मेवार निकाय | लाग्ने समयावधि | सहयोगी निकाय | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | सफ्टवयरमा प्रदेशको सहज पहुँच हुने गरी व्यवस्थापन गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | | विभाग | सम्बन्धित कार्यालयले सहज पहुँच प्राप्त गरेको हुने |
| १२ | विद्युतीय प्रणालीमार्फत् राजस्व तिर्ने व्यवस्था मिलाउने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | दुई महिना | मु.म.तथा म.प.को कार्यालय, यातायात व्यवस्था विभाग | यातायात सेवा सम्बन्धी सम्पूर्ण राजस्व तथा अन्य शुल्क विद्युतीय प्रणालीमार्फत् तिर्ने व्यवस्था भएको हुने |
| १३ | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा सवारी दर्ता प्रमाणपत्रमा नवीकरणको म्याद बाँकी रहँदा पनि चैत्र मसान्तभित्रै सो आर्थिक वर्षको कर तिर्नुपर्ने प्रावधानले सिर्जना गरेको अन्योल हटाउन ऐन संशोधन गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | दुई महिना | मु.म.तथा म.प.को कार्यालय | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ संशोधन भएको हुने |
| १४ | ट्राफिक प्रहरी कार्यालयमार्फत् सङ्कलन भएको जरिवाना शुल्क सिधै प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, मु.म.तथा म.प.को कार्यालय | दुई महिना | गण्डकी प्रदेश प्रहरी कार्यालय, सम्बन्धित जिल्ला ट्राफिक प्रहरी कार्यालय | ट्राफिक प्रहरी कार्यालयमार्फत् सङ्कलन भएको जरिवाना शुल्क सिधै प्रदेश सञ्चित कोषमा दाखिला भएको हुने |
| १५ | पुरानो VRS मा सवारी साधनको तिर्न बाँकी बक्यौता कर देखिने गरी एकीकृत तथ्याङ्क प्रविष्टि गर्ने व्यवस्था मिलाउन यातायात व्यवस्था विभागसँग समन्वय गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | दुई महिना | मु.म.तथा म.प.को कार्यालय यातायात व्यवस्था विभाग | VRS मा कुनैपनि सवारी साधनको तिर्न बाँकी बक्यौता कर देखिने व्यवस्था भएको हुने। |
| १६ | VRS मार्फत् एक आर्थिक वर्षमा सवारी साधन कर भुक्तानी गरिसकेपछि सोही | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | दुई महिना | मु.म.तथा म.प.को कार्यालय | कुनै आर्थिक वर्षमा सवारी साधन कर भुक्तानी गरिसकेपछि पुनः |

| सि.नं. | गर्नु पर्ने कार्य | मुख्य जिम्मेवार निकाय | लाग्ने समयावधि | सहयोगी निकाय | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | आर्थिक वर्षमा पुनः कर भुक्तानी गर्ने प्रयास गर्दा भुक्तानी बाँकी नरहेको सूचना दिने गरी व्यवस्था मिलाउन यातायात व्यवस्था विभागसँग समन्वय गर्ने | | | यातायात व्यवस्था विभाग | भुक्तानी गर्ने प्रयास गर्दा तिरिसकेको जानकारी दिने गरी सफ्टवयर परिमार्जित भएको हुने। |
| १७ | VRS मा स्वचालित कर गणना एवं निर्धारण गर्ने व्यवस्था मिलाउने तथा VRS लाई राजस्व सूचना व्यस्थापन प्रणाली (RIMS) सँग आबद्ध गर्ने व्यवस्था मिलाउने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, | दुई महिना | मु.म.तथा म.प.को कार्यालय<br>मलेनिका<br>आर्थिक मामिला मन्त्रालय<br>यातायात व्यवस्था विभाग | VRS मा स्वचालित कर गणना एवं निर्धारण गर्ने व्यवस्था भएको हुने तथा VRS लाई राजस्व सूचना व्यस्थापन प्रणाली (RIMS) सँग आबद्ध भएको हुने। |
| १८ | यातायात व्यवस्था कार्यालय, बागलुङबाट चार पाङ्ग्रे सवारी चालक अनुमतिपत्र वितरणको कार्य सुरु गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, सम्बन्धित कार्यालय | तीन महिना | मु.म.तथा म.प.को कार्यालय, आर्थिक मामिला मन्त्रालय | बागलुङ जिल्लामा चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्र वितरण सुचारु भई पोखरास्थित कार्यालमा हुने सेवाग्राहीको भीड कम भएको हुने |
| १९ | पोखरा महानगरपालिकाको लेखनाथ क्षेत्रमा यातायात व्यवस्था सवारी चालक अनुमतिपत्र कार्यालय स्थापना र सञ्चालन गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | तीन महिना | मु.म.तथा म.प.को कार्यालय | पोखरा महानगरपालिकाको लेखनाथ क्षेत्रमा यातायात व्यवस्था सवारी चालक अनुमतिपत्र कार्यालय स्थापना र सञ्चालन भएको हुने |
| २० | प्रदेशको नाका रहेका जिल्लास्थित प्रहरी कार्यालय मातहतका ट्राफिक कार्यालयमार्फत् विदेशी सवारी साधनको | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | तीन महिना | मु.म.तथा म.प.को कार्यालय, गण्डकी प्रदेश प्रहरी कार्यालय | तनहुँ, स्याङ्जा र बागलुङ जिल्लाबाट अस्थायी रुट परमिट तथा पटके जारी गर्ने व्यवस्था |

| सि.नं. | गर्नु पर्ने कार्य | मुख्य जिम्मेवार निकाय | लाग्ने समयावधि | सहयोगी निकाय | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | अस्थायी रुट परमिट तथा पटके जारी गर्ने अधिकार प्रत्यायोजन गर्ने | | | | भएको हुने |
| २१ | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ कार्यान्वयनका लागि नियमावली, कार्यविधि र निर्देशिका एवं SOP तर्जुमा गर्ने, | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | तीन महिना | मु.म.तथा म.प.को कार्यालय | नियमावली, कार्यविधि र निर्देशिका एवं SOP तर्जुमा भएको हुने। |
| २२ | तत्काल सुधारका कार्ययोजना कार्यान्वयन गर्न कार्यालय सञ्चालन, मेशिनरी तथा अन्य व्यवस्थापनको लागि थप बजेटको व्यवस्था गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | तीन महिना | आर्थिक मामिला मन्त्रालय | तत्काल सुधार कार्ययोजना कार्यान्वयनका लागि आवश्यक बजेट सुनिश्चित भएको हुने। |

## ८.२ दीर्घकालीन सुधार कार्ययोजनाः

| सि.नं. | गर्नु पर्ने कार्य | मुख्य जिम्मेवार निकाय | लाग्ने समयावधि | सहयोगी निकाय | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | प्रयोगात्मक परीक्षा उत्तीर्ण भएको एक महिनाभित्र सेवाग्राहीलाई स्मार्ट लाइसेन्स उपलब्ध गराउने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, सम्बन्धित कार्यालय | एक वर्ष | यातायात व्यवस्था विभाग | प्रयोगात्मक परीक्षा उत्तीर्ण भएको एक महिनाभित्र सेवाग्राहीले स्मार्ट लाइसेन्स प्राप्त गरेको हुने। |
| २ | सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड प्रदेशबाटै प्रिन्ट गर्न सक्ने व्यवस्था मिलाउने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय, | एक वर्ष | यातायात व्यवस्था विभाग | सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड प्रदेशबाटै प्रिन्ट हुने। |
| ३ | सवारी चालक अनुमति पत्र विद्युतीय | भौ.पू.वि.तथा | एक वर्ष | यातायात व्यवस्था | विद्युतीय माध्यमबाट सवारी चालक |


| सि.नं. | गर्नु पर्ने कार्य | मुख्य जिम्मेवार निकाय | लाग्ने समयावधि | सहयोगी निकाय | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | माध्यमबाट नवीकरण गर्ने व्यवस्था मिलाउने | या.व्य.मन्त्रालय | | विभाग | अनुमति पत्र नवीकरण गर्ने व्यवस्था भएको हुने। |
| ४ | गण्डकी प्रदेशमा भविष्यमा सरकारी, सार्वजनिक तथा निजी विद्युतीय सवारी साधन दर्तालाई प्रोत्साहन हुने गरी नीतिगत र कानूनी व्यवस्था गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | एक वर्ष | मु.म.तथा म.प.को कार्यालय | विद्युतीय सवारी साधन प्रयोग गर्न प्रोत्साहन हुने गरी नीतिगत र कानूनी व्यवस्था भएको हुने |
| ५ | हालसम्म सरकारी ट्रायल सेन्टर नभएका कार्यालयहरूमा ट्रायल सेन्टर स्थापना गरी सञ्चालन गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | दुई वर्ष | | हालसम्म सरकारी ट्रायल सेन्टर नभएका कार्यालयहरूमा ट्रायल सेन्टर स्थापना भएको हुने |
| ६ | विद्युतीय सवारी साधनका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | दुई वर्ष | मु.म.तथा म.प.को कार्यालय, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | विद्युतीय सवारी साधनका लागि आवश्यक पूर्वाधार निर्माण भएको हुने |
| ७ | सवारी चालक अनुमतिपत्रको परीक्षालाई प्रविधिमैत्री बनाउन भविष्यमा स्वचालित ट्रायल सेन्टर स्थापना गर्ने | भौ.पू.वि.तथा या.व्य.मन्त्रालय | तीन वर्ष | मु.म.तथा म.प.को कार्यालय, यातायात व्यवस्था विभाग | स्वचालित ट्रायल सेन्टर स्थापना भएको हुने |

# अनुसूचीहरू

## अनुसूची-१: कार्यदलका सदस्यहरू

| | | |
|---|---|---|
| १. | सचिव श्री बिनोद बहादुर कुँवर,<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २. | सचिव श्री मनमायाँ भट्टराई पंगेनी,<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ३. | सचिव श्री विष्णुप्रसाद शर्मा,<br>आर्थिक मामिला मन्त्रालय | सदस्य |
| ४. | सचिव श्री तुलसीराम भट्टराई,<br>भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| ५. | उपसचिव श्री टीकाराम पौडेल, प्रशासन तथा यातायात महाशाखा प्रमुख<br>भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | सचिव |

अनुसूची-२: प्रतिवेदन तयारीको क्रममा लिएका तस्वीरहरू





स्थलगत भ्रमण तथा निरीक्षणको क्रममा लिएका तस्वीरहरू

